यो आकाशवाणी हो

चन्द्रप्रसाद शर्माबाट समाचार सुन्नुहोस्

प्रमुख समाचार

- बिहारमा पहिलो चरणको प्रचार समाप्त; छह तारिक मतदान
- केन्द्रिय मन्त्री राजीव रञ्जन विरूद्ध आदर्श आचार संहिता उल्लंघनको आरोपमा प्राथमिकी दर्ता
- छत्तीसगढको लालखदान नजिक यात्रूवाहक रेलगाड़ी र मालगाड़ीबीच टक्कर
- राष्ट्रपतिले भन्नुभयो, शिक्षा आत्मनिर्भरताको साधनसितै समाज र राष्ट्र विकासको प्रेरणा अनि
- राष्ट्रिय मानवाधिकार आयोगद्वारा कर्नाटकका मुख्य सचिव र पुलिस महानिदेशकलाई नोटिस जारी

Bihar politics

बिहार विधानसभा चुनाउको पहिलो चरणको प्रचार आज साँझ समाप्त भयो। विभिन्न राजनीतिक दलका नेताले मतदाताहरूलाई लोभ्याउने हरसम्भव कोशिश गरे। यस चरणमा बिहिबार छह तारिक अठार जिल्लाका एक सय एक्काइस विधानसभा क्षेत्रमा मतदान हुनेछ। भारतीय जनता पार्टी, जनता दल यूनाइटेड, राष्ट्रिय जनता दल र कंग्रेससहित धेरै प्रमुख नेताले आज विभिन्न ठाउँमा ऱ्याली गरे।

--------------------------------------X--------------------------------------

Lalan FIR

यसैबीच, बिहारमा जनता दल यूनाइटेडका वरिष्ठ नेता तथा केन्द्रिय मन्त्री राजीव रञ्जन उर्फ ललन सिंह विरूद्ध मोकामामा आदर्श आचार संहिताको कथित उल्लंघनको आरोपमा आज प्राथमिकी दर्ता गरिएको छ। पटनाका जिल्लाधीश तथा निर्वाचन अधिकारीले आधिकारिक बयानमा भन्नुभयो, जिल्ला प्रशासनले निगरानी दलद्वारा रेकर्ड गरिएको भिडियो फुटेजको जाँच गऱ्यो, जसपछि उहाँ विरूद्ध भारतीय न्याय संहिता (BNS) र जन प्रतिनिधित्व अधिनियमका सम्बन्धित धाराअन्तर्गत प्राथमिकि दर्ता गरियो।

यसअघि, निर्वाचन आयोगले पनि मोकामामा ललन सिंहद्वारा गरिएको कथित टिप्पणीलाई लिएर उहाँलाई नोटिस जारी गर्दै चौबीस घण्टाभित्र जवाफ मागेको थियो। समाचारअनुसार ललन सिंहको एउटा कथित भिडियो सोशल मिडियामा भाइरल भयो,

जसमा उहाँ विपक्षलाई समर्थन दिने मतदाताहरूलाई उनीहरूलाई मताधिकारको प्रयोग गर्नबाट रोक्ने कुरा गर्दैगरेको देखियो।

-------------------------------------X-------------------------------------

## Chhattisgarh Train Accident

छत्तीसगढ़को बिलासपुर शहरको लालखदान नजिक आज साँझ एउटा यात्रूवाहक रेलगाड़ी र मालगाड़ीबीच टक्कर भयो। अहिलेसम्ममा घटनास्थलबाट चारवटा शव निकालिसकिएको छ। यस दुर्घटनामा बीसजना घाइते भएको आशंका छ। रेलवे, जिल्ला प्रशासन र पुलिसका वरिष्ठ अधिकारी घटनास्थलमा पुगेर स्थितिको जानकारी लिए। राहत र बचाउ कार्य युद्धस्तरमा जारी छ।

-------------------------------------X-------------------------------------

## PM My Booth

भाजपाका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले बिहार विधानसभा चुनाउमा NDA-लाई व्यापक रूपमा जित मिल्ने कुरामाथि विश्वास व्यक्त गर्नुभएको छ। उहाँले आज मेरा बूथ सबसे मजबुत कार्यक्रमअन्तर्गत बिहारका महिलाहरूसित संवाद गर्दै यो कुरा भन्नुभयो। उहाँले भन्नुभयो, बिहारका जनताले यसपल्ट NDA-को जितले विगत बीस वर्षको रेकर्ड तोड़्ने कुरामाथि मन बनाइसकेका छन्। श्री मोदीले केवल NDA-ले बिहारको विकास गर्नसक्छ भन्ने कुरामाथि विश्वास व्यक्त गर्नुभएको छ।

-------------------------------------X-------------------------------------

## Prez Uttarakhand visit

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो, शिक्षा आत्मनिर्भरताको साधन मात्र नभएर समाज र राष्ट्र विकासको प्रेरणा पनि हो। उहाँले यसबारे बोल्दै भन्नुभयो.....

राष्ट्रपति श्रीमती मुर्मू आज उत्तराखण्डको नैनीतालमा कुमाउ विश्वविद्यालयको बीसौं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। उहाँले विद्यार्थीहरूसित शिक्षाको उपयोग वञ्चितहरूको सेवा र राष्ट्र निर्माणमा गर्ने आग्रह गर्नुभयो। राष्ट्रपतिले शिक्षाले बुद्धि, कौशल र नैतिक मूल्यलाई सशक्त बनाउने कुरामाथि जोड़ दिनुभयो। उहाँले

पर्यावरण संरक्षण र सौर ऊर्जाको क्षेत्रमा कुमाउ विश्वविद्यालयको प्रयासको सराहना पनि गर्नुभयो।
राष्ट्रपतिले उत्तराखण्डलाई दिव्यता र वीरताको भूमि बताउँदै स्वतन्त्रता सेनानीहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले राष्ट्रको रक्षामा उत्तराखण्डका युवाहरूको महत्त्वपूर्ण भूमिकाको उल्लेख गर्नुभयो। युवाहरूको सन्दर्भमा बोल्दै राष्ट्रपतिले भन्नुभयो....

--------------------------------------X--------------------------------------

Prez Guru Nanak Jayanti

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले गुरू नानक जयन्तीको पूर्व संध्यामा सबै देशवासीलाई शुभकामना दिनुभएको छ। आफ्नो सन्देशमा राष्ट्रपतिले भन्नुभयो, यो अवसरले सबैलाई गुरु नानक देवको आदर्श र मूल्यलाई अपनाउन प्रेरित गर्दछ अनि एउटा आदर्श समाज निर्माणको दिशामा मार्गदर्शन गर्दछ। उहाँले भन्नुभयो, गुरू नानकको सन्देशले सत्य, न्याय र करुणामा आधारित जीवन जिउनु नै सफलताको साँच्चो मापदण्ड हो भन्ने कुरा सिकाउँछ।

--------------------------------------X--------------------------------------

NHRC-Karnataka

राष्ट्रिय मानवाधिकार आयोग (NHRC)-ले कर्नाटकका मुख्य सचिव तथा पुलिस महानिदेशकलाई नोटिस जारी गरेको छ। आयोगले एउटा मिडिया रिपोर्टको स्वतः संज्ञान लिएको छ, जसमा भनिएको छ, एकजना पितालाई आफ्नी छोरीको ब्रेन हेमरेजका कारण भएको मृत्युमा घुस दिनका लागि बाध्य बनाइयो। मिडिया रिपोर्टअनुसार बेंगलुरुमा एकजना पिताले एम्बुलेन्स चालक, पुलिस, शवदाह गृहका कर्मचारी र नगर निगमका अधिकारीहरूलाई घुस दिनुपऱ्यो। NHRC-ले यी अधिकारीहरूलाई दुई सप्ताहभित्र एउटा विस्तृत रिपोर्ट पेश गर्नु भनेको छ।

--------------------------------------X--------------------------------------

Daya Dongre Death

मराठी रंगमञ्च तथा चलचित्रकी प्रख्यात अभिनेत्री दया डोंगरेको हिजो पचासी वर्षको उमेरमा निधन भयो। उहाँको जन्म एघार मार्च, 1940-मा महाराष्ट्रको अमरावतीमा भएको थियो। संगीतमा रुचि राख्ने दया डोंगरेलाई आकाशवाणी रोड़ियो गायन प्रतियोगितामा विजयी बनेपछि पहिचान मिलेको थियो। उहाँले राष्ट्रिय नाट्य विद्यालयबाट पनि शिक्षा प्राप्त गर्नुभयो। दया डोंगरेले मराठी टेलिभिजन धारावाहिक "तुझी माझी जोड़ी जमली रे", "नन्दा सौख्य भरे", "याचसती केला होता अट्टाहास" र "लेकुरे उड़न्द जाली"-मा आफ्नो सशक्त अभिनयबाट दर्शकहरूको मन जित्नुभयो।

--------------------------------------X--------------------------------------

## India-Jamaica assistance

जमैका र क्यूबामा आँधी मेलिसाबाट विनाशपछि भारतले त्यहाँ मानवीय सहायता पठाएको छ। मानवीय सहायता र आपदा राहतका रूपमा आज नयाँ दिल्लीबाट बीस-बीस टन राहत सामग्री जमैका र क्यूबा पठाइयो। विदेश मन्त्री डाक्टर S जयशंकरले एउटा सोशल मिडिया पोस्टमा भन्नुभयो, भारतीय वायुसेनाको विमानबाट पठाइएको सहायता र राहत सामग्रीमा दबाई, चिकित्सा उपकरण, खाद्य तथा दैनिक उपयोगका सामग्री, बिजुली जेनेरेटर, आश्रय सहायता र स्वच्छता किट समावेश छन्। उहाँले भन्नुभयो, भारत प्राकृतिक आपदाको समयमा ग्लोबल साउथका आफ्ना साझेदारहरूको साथमा उभिएको छ। भारतले त्यहाँ सामान्य स्थिति पुनर्बहाल र पुनर्निर्माणमा हरसम्भव सहायता गर्नेछ।

--------------------------------------X--------------------------------------

## VP Chhattisgarh

उपराष्ट्रपति CP राधाकृष्णन भोली छत्तीसगढ़को भ्रमणमा रहनुहुनेछ। यस राज्यमा उहाँको यो पहिलो भ्रमण हुनेछ। यस अवधि उहाँले राज्यको पच्चीसौं वर्षगाँठको प्रतिक रजत महोत्सव समारोहसहित नवा रायपुर र राजनान्दगाउँमा विभिन्न सार्वजनिक कार्यक्रममा भाग लिनुहुनेछ।

उपराष्ट्रपतिले भोली नवा रायपुरको सेन्ध झीलमा भारतीय वायु सेनाको सूर्यकिरण एरोबेटिक टोलीद्वारा आयोजित एयर शो-को अवलोकन गर्नुहुनेछ। पछि उहाँ राजनान्दगाउँमा लखपति दीदी सम्मेलनमा मुख्य अतिथिका रूपमा शामेल हुनुहुनेछ। श्री

राधाकृष्णनले नवा रायपुरमा छत्तीसगढ रजत महोत्सवको समापन समारोहमा भाग लिएर आफ्नो यात्राको समापन गर्नुहुनेछ।

--------------------------------------X--------------------------------------

## Delhi Army Sports Complex

भारतीय सेनाले आज नयाँ दिल्लीमा आर्मी स्पोर्ट्स कन्क्लेव 2025-को आयोजना गऱ्यो। यो कार्यक्रम संस्थागत तालमेल र एथ्लीट 360-सहित दुईवटा मुख्य विषयमा केन्द्रित गरियो। यस आयोजनाको मुख्य उद्देश्य भारतीय सेनाका च्याम्पियनहरूलाई प्रोत्साहित गर्नु र राष्ट्रको ओलम्पिक मिशन 2036-को भिजनमा योगदान दिनु हो।
यस अवसरमा युवा मामिला तथा खेल मन्त्रालयका सचिव हरि रञ्जन रावले विश्व स्तरीय एथ्लीटलाई तयार गर्न र राष्ट्रिय गौरवका प्रतिक प्यारा र साहसिक खेलहरूलाई अघि बढ़ाउनमा रहेको भारतीय सेनाको भूमिकाको सराहना गर्नुभयो।
यसैक्रममा एकीकृत प्रशिक्षण महानिदेशक, लेफ्टनन्ट जनरल अजय रामदेवले भन्नुभयो, भारतीय सेनाले खेलो भारत नीति 2025 र राष्ट्रिय खेल विकास विधेयकसहित सरकारका पहलहरूसित गहिरो तालमेल राखेको छ, जसबाट सशस्त्र बलसहित सबै हितधारकहरूका लागि स्पष्टता, जवाफदेही र सशक्तिकरण सुनिश्चित भएको छ।

--------------------------------------X--------------------------------------

## Pakistan-POJK

यूनाइटेड कश्मीर पीपुल्स नेशनल पार्टीले पाकिस्तानले कब्जा गरेको जम्मू-कश्मीर (POJK)-लाई पाकिस्तानको एउटा प्रान्त बनाउने कुनै पनि योजनाको कड़ा विरोध गरेको छ। पार्टी प्रवक्ता सरदार नासिर अजीज खानले सोशल मिडिया पोस्टमा भन्नुभएको छ, POJK र गिलगिट-बाल्टिस्तान कानूनी वा संवैधानिक रूपमा पाकिस्तानको भाग नभएर पुरानो जम्मू-कश्मीर रियासतको भाग हो। श्री खानले पाकिस्तानमाथि बाईस अक्टोबर 1947-मा भएको आक्रमण पछिदेखि यी क्षेत्रहरूमा अवैध रूपमा कब्जा गरेको आरोप लगाउँदै भन्नुभयो, पाकिस्तानले यी क्षेत्रहरूको स्थिति परिवर्तन गर्ने कुनै अधिकार छैन।

पार्टीले क्षेत्रवासीसित कब्जा र अन्याय विरूद्ध एकजुट हुने आग्रह गर्दै संयुक्त राष्ट्र तथा अन्तरराष्ट्रिय समुदायसित उनीहरूको स्वतन्त्रताको अधिकारको समर्थन गर्ने आह्वान गऱ्यो।

----------------------------------------X----------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- बिहारमा पहिलो चरणको प्रचार समाप्त; छह तारिक मतदान
- केन्द्रिय मन्त्री राजीव रञ्जन विरूद्ध आदर्श आचार संहिता उल्लंघनको आरोपमा प्राथमिकी दर्ता
- छत्तीसगढ़को लालखदान नजिक यात्रूवाहक रेलगाड़ी र मालगाड़ीबीच टक्कर
- राष्ट्रपतिले भन्नुभयो, शिक्षा आत्मनिर्भरताको साधनसितै समाज र राष्ट्र विकासको प्रेरणा अनि
- राष्ट्रिय मानवाधिकार आयोगद्वारा कर्नाटकका मुख्य सचिव र पुलिस महानिदेशकलाई नोटिस जारी